# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

पत्र संख्याः ०७८।७९
चलानी नं.: ३२६८
मितिः २०७९।२।२५

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौं ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०७९ जेष्ठ १९ गते बिहिबार बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

०७९।२।२५

प्रकाशं आचार्य
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: प्रमुख ०११-६६०८१, एक्सचेन्ज ०११-६६१२८१, कार्यालय ०११-६६१४०७, फ्याक्स ०११-६६१४१९, पो.ब.नं. ५०९, बनेपा

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०७९ जेष्ठ १९ गते बिहिबार दिनको ३:०० वजे नगर कार्यपालिका कार्यालयको प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसि विभिन्न निर्णयहरु गरियो ।

## -:: उपस्थिति ::-

| क्र.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सी. | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री चन्द्रवहादुर खड्का | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री प्रकाश आचार्य<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

छलफलका विषयहरु:

१. स्थानीय राजस्व परामर्श समितिलाई पूर्णता दिने सम्बन्धमा,
२. बजेट तथा कार्यक्रम तर्जुमा समितिलाई पूर्णता दिने सम्बन्धमा,
३. बनेपा नगरपालिको योजना अनुगमन समितिलाई पूर्णता दिने सम्बन्धमा,
४. स्थानीय अपाङ्गता समन्वय समितिलाई पूर्णता दिने सम्बन्धमा,
५. सपिङ्ग कम्प्लेक्स बहाल अवधि थप माग सम्बन्धमा,
६. बुडोल सपिङ्ग कम्प्लेक्स मर्मत सम्बन्धमा,
७. पुण्यमाता नदी सफाई सम्बन्धमा,
८. विपद् कार्यका लागि वडामा बजेट व्यवस्था सम्बन्धमा र
९. विविध ।

-::निर्णय::-

१. गत बैठकको निर्णय समिक्षा गरियो ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(१) ले गाउँपालिका वा नगरपालिकामा राजस्व सम्बन्धी परामर्शका लागि पालिकाका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा गठन हुने स्थानीय राजस्व परामर्श समिति गठन गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम उक्त बनेपा नगरपालिकामा देहाय बमोजिमका सदस्य तोकी समितिलाई पूर्णता दिने निर्णय गरियो ।

क) उपप्रमुख -संयोजक
ख) प्रमखु प्रशासकीय अधिकृत -सदस्य
ग) कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य मध्येबाट
  १. सदस्य श्री बलराम अधिकारी, वडाध्यक्ष, बनेपा ५
  २. सदस्य श्री शुभलक्ष्मी मानन्धर, वडाध्यक्ष, बनेपा ८
घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्यका हकमा काभ्रे उद्योग वाणिज्य संघ, बनेपालाई प्रतिनिधि तोकिदिन अनुरोध गर्ने ।
ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि -सदस्यका हकमा घरेलु तथा साना उद्योग महासंघ, बनेपालाई प्रतिनिधि तोकि दिन अनुरोध गर्ने ।
च) बनेपा नगरपालिकाको राजस्व शाखा प्रमुख -सदस्य सचिव

३. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६६(१) बमोजिम गठन हुने स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सदस्यमा नगर प्रमुखज्यूले तोक्ने चार जना कार्यपालिका सदस्यज्यूहरुमा तपसिलका सदस्यलाई तोकिएको जानकारी गरियो ।
क) श्री श्यामसुन्दर श्रेष्ठ, वडाध्यक्ष, बनेपा ४
ख) श्री सचितानन्द के.सी., वडाध्यक्ष, बनेपा ६
ग) श्री हिटलर शाक्य, वडाध्यक्ष, बनेपा ७
घ) श्री कमला परियार, कार्यपालिका सदस्य

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) ले गरेको कानूनी व्यवस्था बमोजिम उपप्रमुखज्यूको संयोजकत्वमा गठन हुने बजेट तथा कार्यक्रम तर्जुमा समितिमा विषयगत समितिका संयोजकहरु समावेश गरी समितिलाई पूर्णता दिने निर्णय गरियो ।

५. बनेपा नगरपालिका अन्तर्ग सञ्चालित हुने योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन पेश गर्न देहाय बमोजिम अनुगमन तथा सुपरिवेक्षण समिति गठन गर्ने निर्णय गरियो
क) रु. ५ लाख सम्म लागत स्टिमेट भई वडाबाट सञ्चालन हुने योजनाको हकमा:
  १. सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य-संयोजक
  २. सम्बन्धित वडाका सबै वडा सदस्यहरु -सदस्य

३. सम्बन्धित वडाबाट प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य भएमा -सदस्य
४. नगरपालिकाको प्राविधिक शाखा प्रमुख -सदस्य
५. सम्बन्धित वडामा खटिएको प्राविधिक कर्मचारी -सदस्य
६. सम्बन्धित वडाको वडा सचिव -सदस्य सचिव

ख) रु. ५ लाख भन्दा बढि लागत स्टिमेट भएका योजनाका हकमा:
१. उपप्रमुख श्री विमला सापकोटा -संयोजक
२. प्रमुख प्रशासकीय अधिकृत -सदस्य
३. सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य-सदस्य
४. प्राविधिक शाखा प्रमुख -सदस्य
५. योजना शाखा प्रमुख -सदस्य सचिव

६. यस नगरपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५ बमोजिम गठन हुने स्थानीय अपाङ्गता समन्वय समितिमा नगरपालिकाको महिला सदस्य मध्येबाट नगर कार्यपालिकाले तोक्नु पर्ने एक जना सदस्यमा कार्यपालिका सदस्य श्री समिता थापालाई तोक्ने निर्णय गरियो ।

७. बनेपा नगरपालिका वडा नं. ८ स्थित बसपार्कमा रहेका यस नगरपालिकाको स्वामित्वमा रहेका सपिङ्ग कम्प्लेक्स बहालमा लिनेहरुको संझौताको म्याद समाप्त भएको सम्बन्धमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) साविक संझौता बमोजिम बुझाउनु पर्ने बहाल रकम हालसम्म नबुझाई बक्यौता राखेका पसल कवल/ भवनका हकमा तत्कालै कानूनी कार्वाही गरी पसल खाली गराई नगरपालिकाले लिनु उठाउनु पर्ने रकम सरकारी बाँकी सरह मानी असुल उपर गर्ने ।

ख) साविक संझौता बमोजिम बुझाउनु पर्ने हालसम्मको बहाल रकम बुझाउने पसल कवल/भवनका हकमा म्याद समाप्त भएका मितिले २०७९ साल असार मसान्तसम्म म्याद थप गर्ने र उक्त म्याद भित्रै नयाँ संझौताका लागि राजस्व परामर्श समितिको राय सहित आगामी बैठकमा पेश गर्ने ।

८. बनेपा नगरपालिका वडा नं. ६ स्थित यस नगरपालिकाको स्वामित्वमा रहेको बुडोल सपिङ कम्प्लेक्स मर्मत गर्नुपर्ने सम्बन्धमा अघिल्लो कार्यपालिका बैठकबाट गठित स्थलगत अनुगमन समितिले पेश गरेको प्रतिवेदन उपर समेत छलफल गर्दा उक्त भवनको मर्मत सम्भारका लागि ठुलो रकम लाग्ने देखिएकाले तत्कालका लागि उक्त भवन संरक्षणका लागि नगरी नहुने कार्य गर्ने व्यवस्था मिलाउने र भवनको दीर्घकालिन संरक्षणका लागि आगामी बजेट तथा कार्यक्रममा उल्लेख भए बमोजिम गर्ने निर्णय गरियो ।

९. बनेपा नगरपालिका क्षेत्र भएर बहने पुण्यमाता नदीमा आउने बाडीका कारण बनेपा नगपालिका क्षेत्रभित्रका धेरै स्थानमा डुबानको समस्या आउने भएकाले उक्त समस्याको अल्पकालिन समस्याका लागि डिभिजन सडक कार्यालय, भक्तपुरले उपलब्ध गराएको स्काभेटर प्रयोग गरी खोलाभित्र र दायाँवायाँको माटो निकाल्ने कार्य भई रहेको र सो प्रयोजनका लागि देहाय बमोजिम नगरपालिकाबाट व्यहोरिएको खर्च अनुमोदन गरी उक्त कार्य सम्पन्न नभएसम्म सोही बमोजिम गर्ने निर्णय गरियो ।

क) स्काभेटरमा इन्धन (डिजेल) प्रति घण्टा २० लि.
ख) स्काभेटरमा आवश्यकता प्रयोग हुने ग्रिज
ग) स्काभेटर अपरेटर आउजाउ गर्न आवश्यकता अनुसार मोटरसाईकलमा प्रयोग गर्न पेट्रोल
घ) क्काभेटर अपरेटरलाई खाना र खाजा खर्च

१०. दैनिक जस्तो वर्षा हुने गरेका कारण नगर क्षेत्रभित्रका सडक लगायतका भौतिक संरचनाहरुमा क्षति पुग्ने गरेको र तत्काल मर्मत सम्भार नभएमा थप क्षति हुन सक्ने अवस्था रहेको तर सानोतिनो मर्मत सुधारका लागि समेत वडाहरुमा बजेटको अभाव रहेको हुँदा चालु आ.व. २०७८।०७९ भित्र उक्त प्रयोजनमा खर्च गर्नका लागि सडक बोर्ड नेपालका स्वीकृत कार्यक्रममा म्याचिङ फण्ड प्रयोजनका लागि विनियोजित रकमबाट हरेक वडालाई रु. १ लाखका दरले बजेट उपलब्ध गराउने निर्णय गरियो ।

११. बनेपा नगरपालिकाको सभा, नगर कार्यपालिका वा बनेपा नगरपालिका, न्यायिक समिति, वडा कार्यालय वा नगरपालिकाले गठन गरेका कुनै समितिका तर्फबाट कुनै पनि तहको अड्डा अदालतमा मुद्दा दायर गर्ने तथा मुद्दाको प्रतिरक्षा गर्न बनेपा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई खड्तियारी प्रदान गर्ने

१२. बनेपा नगरपालिका वडा नं. ६ बस्ने मणिसुन्दर श्रेष्ठले आफ्नी २२ वर्षिय छोरी मनिस्मा श्रेष्ठलाई ब्रेन क्यान्सर भई धुलिखेल अस्पतालमा उपचार गराउँदै आएको र आफ्नो घरको आर्थिक अवस्था कमजोर भएकाले उपचार खर्च जुटाउन कठिन भएकाले उपचार खर्च सहयोग माग गरी दिएको निवेदन उपर छलफल गर्दा निजको उपचारार्थ रु. २० हजार सहयोग गर्ने निर्णय गरियो ।

१३. यस नगरपालिकाको चालु आ.व. २०७८।०७९ मा पशु सेवा शाखा तर्फ विनियोजित सशर्त तर्फको मासु मिसन कार्यक्रम तर्फ विनियोजित रकमबाट खरिद गरिने पाडा र बाख्रा पकेट क्षेत्र तर्फ विनियोजिम प्रजननका बाख्रा वितरण कार्यक्रमका लागि चालु आ.व. को बजेट तथा कार्यक्रममा स्वीकृत भएको लागत सहभागिता बापतको तपसिल बमोजिमको रकम सम्बन्धित कृषकहरुबाट व्यहोरिने गरी उल्लेखित कार्यक्रम सञ्चालन गर्ने ।

| क्र.सं. | कार्यक्रमको नाम | लागत सहभागिता प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | मासु मिसन कार्यक्रम अन्तर्गत पाडा प्रबर्धन कार्यक्रम | २५ प्रतिशत | सशर्त तर्फको |
| २ | आ.व. २०७७।०७८ मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम निरन्तरता | २५ प्रतिशत | सशर्त तर्फको |
| ३ | भुषा काट्ने (च्याफ कटर) मेशिन वितरण | ५० प्रतिशत | आन्तरिक श्रोत |

१४. चालु आ.व. २०७८।०७९ मा स्वीकृत नगर स्तरीय योजना अन्तर्गतको कलम मसी सडक खण्ड तल्लो माथिल्लो स्तरोन्नतीका लागि विनियोजित रकम रु. ८ लाखको योजना सञ्चालन गर्न गठित उपभोक्ता समितिले उक्त कार्य गर्न नसक्ने जनाएकाले उक्त रकमबाट व्याङ्गढुङ्गा कलम मसी नगरकोट सडक ग्राभेल गर्ने योजना सञ्चालन गर्न स्वीकृत माग गरी १ नं. वडा कार्यालयबाट लेखि आएको सम्बन्धमा छलफल गर्दा उल्लेखित बमोजिम विनियोजित रकमको अधिनमा रही प्रस्तावित योजनामा उक्त रकम प्रयोग गर्न स्वीकृति दिने निर्णय गरियो ।

नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३